मा. बलराम अधिकारी
मन्त्री
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

Hon'ble Bala Ram Adhikari
Minister
Ministry of Land Management,
Cooperatives and Poverty Alleviation
Singhadurbar, Kathmandu, Nepal

पत्र संख्या/Let.No.:
चलानी नं. /Ref .No.:

# शुभकामना

३२ औं अन्तराष्ट्रिय गरिबी निवारण दिवसको अवसरमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा गरिबी निवारणको अभियानमा हातेमालो गर्दै अघि बढ्न सकौं भन्ने भावना सहित शुभकामना व्यक्त गर्दछु। संयुक्त राष्ट्र संघको आह्वानमा सन् १९९३ देखि हरेक वर्ष अक्टोवर १७ मा अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस विश्वव्यापी रुपमा मनाउने गरिएको छ। यसै सन्दर्भमा गरिबी निवारणका लागि विश्व समुदायसँग ऐक्यवद्धता जनाउदै नेपालले पनि विगत् दश वर्षदेखि गरिबी निवारण दिवस मनाउँदै आइरहेको छ। यस वर्षको अन्तर्राष्ट्रिय गरिबी निवारण दिवसको सन्देश "Ending Social and Institutional Maltreatment Acting together for just, peaceful and inclusive societies" रहेको छ।

नेपालमा योजनावद्ध विकासको थालनी देखि नै गरिबी निवारणलाई महत्व दिई कार्यक्रम संचालन हुँदै आएको पाइन्छ। आठौं योजना देखि गरिबी निवारणलाई मूख्य प्राथमिकातामा राखी कार्यक्रम संचालन भइरहेका छन्। त्यसैको प्रतिफलस्वरुप वि.सं. २०४९ सालमा करिब ४९ प्रतिशत रहेको गरिबी अहिले २०.२७ प्रतिशतमा झरेको छ। चालू सोह्रौं योजनाले आगामी ५ वर्षमा गरिबीको रेखामुनि रहेको जनसंख्या १२ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ। वि.सं. २०७२ सालको भूकम्प, कोभिड-१९ को कारण गरिबी निवारणमा पछिल्लो समय अपेक्षाकृत प्रगति हासिल हुन सकेन। गरिबी र असमानताको नक्साङ्कन गरी लक्षित कार्यक्रम संचालन गर्नु, स्रोत साधन माथिको पहुँच र लाभको वितरण समन्यायिक बनाउँदै गरिबी तथा असमानता न्यूनिकरण गर्नु, सीप विकास र उद्यमशीलताको माध्यमबाट रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गर्नु, सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई एकीकृत र प्रभावकारी बनाउँदै जोखिम न्यूनिकरण गर्नु, शासकीय प्रणालीमा समन्यायिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्नु आजका हाम्रा गरिबी निवारणका लागि प्रमुख चुनौती हुन्। गरिबी निवारणसँग सम्बन्धित बिषयलाई कार्यक्रमको प्रभावकारीता मूल्याङ्कन गर्दा आगामी दिनमा गरिबी निवारणको क्षेत्रमा थप योजनावद्ध कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

गरिबी निवारणका सन्दर्भमा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, आयोजना, प्रदेश सरकार र स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रमहरूलाई एकिकृत गरी साझा प्रयास र साझा संकल्पका साथ काम अघि बढाउन जरूरी छ। गरिबी निवारणका लागि हुने कार्यक्रमहरू परिणाममुखी बनाउन आवश्यक छ। एकद्वार प्रणाली मार्फत कार्यक्रम सञ्चालन गर्न सके थप सफलता हासिल हुने छ।

यस मन्त्रालय मार्फत कार्यान्वयनमा रहेको गरिब घरपरिवार पहिचान तथा राज्य सुविधा परिचय-पत्र वितरण कार्यक्रमलाई आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरी तीनै तहका सरकार र निजी, सहकारी तथा गैरसरकारी संस्थासँगको सहकार्यमा गरिबी निवारण लक्षित कार्यक्रमलाई प्राथमिकतामा राख्नु जरुरी छ। आगामी दिनमा गरिबी निवारणका कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र प्रतिफल वितरणमा गरिब एवं सरोकारवालाहरुको सक्रिय सहभागिता गराउन अनुरोध गर्दछु।

अन्त्यमा, अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस, सन् २०२४ ले आगामी दिनमा गरिबी निवारणका लागि सरकार र सरोकारवाला एकतावद्ध भएर विश्वबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने साझा जिम्मेवारी निर्वाह गर्न थप प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

२०८१/८/१

१ कार्तिक,२०८१

(बलराम अधिकारी)

मन्त्री